**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012 544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १९५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन १४ गते बिहीबार ❑ 30 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## सर्वदलीय बैठकद्वारा सामाजिक सद्भाव र दिगो शान्तिका पक्षमा अपिल

**रासस**
काठमाडौं, १३ साउन



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको आह्वानमा बुधबार सिंहदरबारमा सम्पन्न सर्वदलीय बैठकले सुनसरीलगायत देशका विभिन्न जिल्लामा विकसित संवेदनशील घटनाक्रम र त्यसबाट उत्पन्न असहज परिस्थितिप्रति गम्भीर ध्यानाकर्षण जनाउँदै सामाजिक सद्भाव र शान्ति कायम राख्न अपिल गरेको छ ।

सर्वदलीय बैठकले सात बुँदे संयुक्त वक्तव्य जारी गर्दै उत्पन्न परिस्थितिलाई सामान्यीकरण गर्न, घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनबमोजिम कारबाही गर्न र पीडित पक्षलाई उचित क्षतिपूर्तिसहित राहत उपलब्ध गराउन नेपाल सरकारको ध्यानाकर्षण गरेको हो ।

यसैगरी, नेपालको पहिचान विविधताबीचको एकता, सहिष्णुता र सहअस्तित्व रहेको उल्लेख गर्दै सामाजिक सद्भाव खलबल्याउने कुनै पनि अवाञ्छित गतिविधि तथा उत्तेजनामा नलाग्न आमनागरिकलाई आग्रह गरेको छ । आवेग र मुठभेडले समस्याको समाधान नगरी थप जटिलता निम्त्याउने भएकाले संयमता अपनाउन देशवासीसँग अपिल गरेको छ ।

लोकतन्त्रमा जस्तोसुकै जटिल असन्तुष्टि र समस्याको समाधान शान्तिपूर्ण संवाद र सहमतिबाट सम्भव हुने भन्दै बैठकले सम्बन्धित सबै पक्षलाई आफ्ना माग तथा असन्तुष्टि शान्तिपूर्ण रूपमा राख्न आह्वान गरेको छ । सामाजिक सद्भाव र दिगो शान्ति कायम राख्न केन्द्रको प्रयासले मात्र सम्भव नहुने भन्दै प्रदेश, जिल्ला र स्थानीय तहमा तत्काल सर्वदलीय तथा सर्वपक्षीय बैठक आयोजना गर्न आआफ्ना पार्टीका विभिन्न तहका समितिलाई निर्देशन दिने निर्णय गरेको छ । बैठकले यस्ता संवादलाई तल्लो तहसम्म पुर्‍याई नागरिकस्तरमा विश्वासको वातावरण निर्माण गर्न तथा स्थानीय धार्मिक अगुवा, नागरिक समाज र स्थानीय प्रशासनलाई समेत सहभागी गराएर मुलुकमा शान्ति सुव्यवस्था कायम गर्न सम्बद्ध पक्षसँग अनुरोध गरिएको छ । त्यसैगरी, यस्ता प्रकृतिका दुःखद् तथा संवेदनशील घटना भविष्यमा देशका कुनै पनि भूभागमा दोहोरिन नदिन राजनीतिक दलको केन्द्रीय तह गम्भीर रहेको जनाउँदै आवश्यक पहलकदमी, निरन्तर समन्वय र अनुगमनसहित नेतृत्वदायी भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । बैठकले संवेदनशील अवस्थामा सामाजिक सञ्जाललगायतका माध्यमबाट फैलिन सक्ने भ्रामक समाचार, घृणास्पद अभिव्यक्ति र अफवाहले परिस्थिति थप भयावह बनाउन सक्ने भन्दै सामाजिक सञ्जालको जिम्मेवार प्रयोग गर्न आमनागरिकलाई आग्रह गरेको छ । त्यस्तै यस किसिमको संवेदनशील घटनाबाट हुनसक्ने क्षतिको न्यूनीकरण तथा रोकथाम गर्न आमसञ्चारमाध्यमका महत्त्वपूर्ण भूमिका हुने भएकाले सोहीअनुसार अझ संयमित, जिम्मेवार र तथ्यपरक सूचनामात्र सम्प्रेषण गर्न आसञ्चारमाध्यमको ध्यानाकर्षण गरेको छ ।

देवानगन्ज घटनामा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गरी शोकाकूल परिवारमा समवेदना, घाइतेको शीघ्र स्वास्थ्यलाभको कामनासहित सामाजिक सद्भाव र दिगो शान्ति स्थापनाको पक्षमा सर्वदलीय बैठकमा जारी संयुक्त वक्तव्यमा उल्लेख छ । रास्वपाका सभापति लामिछाने, नेपाली कांग्रेसका सभापति गगन थापा, नेपाली कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल, नेकपा (एमाले)का महासचिव शङ्कर पोखरेल, श्रम संस्कृति पार्टीका महासचिव आरेन राई, लोसपाका अध्यक्ष महन्थ ठाकुर, राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन, जनमत पार्टीका अध्यक्ष डा सिके राउत र जसपा नेपालका नेता प्रकाश अधिकारीले उक्त वक्तव्यमा हस्ताक्षेर गर्नुभएको छ ।

## सार्वजनिक स्थलमा कार्यक्रम गर्नु पूर्व स्वीकृति लिनुपर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन

कास्कीका सार्वजनिक स्थलमा राजनीतिक, धार्मिक, सांस्कृतिक तथा अन्य प्रकृतिका कार्यक्रम सञ्चालन गर्नुअघि स्थानीय प्रशासनबाट अनिवार्य रूपमा पूर्वस्वीकृति लिनुपर्ने भएको छ ।

स्वीकृतिबिना कार्यक्रम आयोजना गरे प्रचलित कानुन बमोजिम कारबाही गरिने जिल्ला प्रशासन कार्यालय कास्कीले चेतावनी दिएको छ ।

कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले पछिल्लो समय देशका विभिन्न स्थानमा राजनीतिक विचारधारा, धार्मिक तथा सांस्कृतिक गतिविधिका नाममा पूर्वस्वीकृति बिना सार्वजनिक स्थलमा कार्यक्रम आयोजना गर्ने, भ्रामक सूचना फैलाउने तथा सामाजिक सद्भावमा असर पर्ने गतिविधि हुने क्रम बढि रहेको प्रति प्रशासन गम्भीर रहेको बताउनुभयो ।

नेपालको संविधानले नागरिकलाई शान्तिपूर्वक भेला हुन पाउने अधिकार सुनिश्चित गरे पनि सार्वजनिक प्रदर्शन, र्‍याली, सभा तथा यस्तै प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा स्थानीय प्रशासनको पूर्वस्वीकृति लिनु अनिवार्य व्यवस्था गरिएको उहाँले जनाउनु भयो । सहायक प्रमुख जिल्ला अधिकारी बरालले कास्की जिल्लाभित्र सडक, बजार तथा अन्य सार्वजनिक स्थलमा कुनै पनि राजनीतिक, धार्मिक, सामाजिक वा सांस्कृतिक कार्यक्रम सञ्चालन गर्नुअघि जिल्ला प्रशासन कार्यालयबाट आवश्यक स्वीकृति लिएर मात्र कार्यक्रम आयोजना गर्न सबै व्यक्ति, संस्था तथा समूहलाई आग्रह गर्नुभयो ।

सूचनाको बेवास्ता गरी स्वीकृति बिना कार्यक्रम सञ्चालन गरेको पाइए प्रचलित कानुन अनुसार कारबाही गरिने उहाँले चेतावनी दिनुभयो । प्रशासनले सार्वजनिक स्थलमा शान्ति, सुरक्षा, सामाजिक सद्भाव तथा सुव्यवस्था कायम राख्न सबै पक्षको सहयोगको अपेक्षा गरेको छ ।

## जीवनमा ज्ञान, ध्यान र सकारात्मक कर्म आवश्यक : स्वास्थ्य मन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन



ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय तथा राजयोग प्रशिक्षण केन्द्र, नेपालद्वारा आयोजित गुरु पूर्णिमा विशेष सम्मान तथा 'रूपान्तरणकारी शिविर (रि-इनभाइट प्रशिक्षक सम्मेलन)' कार्यक्रम बुधबार पोखराको पार्दी शाखामा सम्पन्न भएको छ ।

'आत्म-साक्षात्कार र प्रेमपूर्ण सम्बन्ध, आफ्नो उद्देश्यलाई पुनः जागृत गरौं, प्रेरित, सशक्त र रूपान्तरित बनौं' भन्ने मूल भावका साथ आयोजित कार्यक्रममा गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री लक्ष्मणबहादुर पाण्डेले जीवन क्षण भरमै भंग हुने भएकाले ज्ञान, ध्यान र सकारात्मक कर्मलाई आत्मसात् गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले मानिसले जीवनमा केही सिक्न, केही बुझ्न र समाजका लागि केही योगदान गर्नुपर्ने उल्लेख गर्दै आध्यात्मिक ज्ञानले मानिसलाई सही मार्गमा अघि बढ्न प्रेरित गर्ने धारणा राख्नुभयो। मन्त्री पाण्डेले जीवनलाई सार्थक बनाउन आत्मचिन्तन, सेवा

बाँकी अन्तिम पृष्ठमा ▸▸

## पोखरा प्रज्ञा-प्रतिष्ठानको कुलपतिमा प्रतीक्षा

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन



पोखरा महानगरपालिकाले पोखरा प्रज्ञा-प्रतिष्ठानको नयाँ नेतृत्व चयन गर्दै कवि तथा उपन्यासकार सरस्वती लालचन ' प्रतिक्षा' लाई कुलपतिमा नियुक्त गरेको छ ।

बुधबार पोखराका मेयर धनराज आचार्यले नवनियुक्त पदाधिकारीलाई नियुक्तिपत्र प्रदान गर्दै प्रतिष्ठानलाई पोखराको कला, साहित्य, भाषा र संस्कृतिको समृद्धिका लागि प्रभावकारी संस्थाका रूपमा स्थापित गर्ने विश्वास व्यक्त गर्नुभयो । प्रतिष्ठानको उपकुलपतिमा कला तथा साहित्यकर्मी तिलक पुर्जा पुन मगर तथा सदस्य-सचिवमा लोकगीत तथा संगीतकर्मी जीवन दाहाल नियुक्त हुनुभएको छ । प्रज्ञा परिषद् सदस्यमा फाइन आर्टबाट हेराम जोजेजु, संगीत तथा वाद्यवादनबाट दिलीप गायक, नृत्यबाट श्रीजंग गुरुङ र रंगमञ्च तथा अभिनयबाट प्रमिला ताम्राकार तुलाचन मनोनयन हुनुभएको छ ।

यसैगरी प्रज्ञा सभाका सदस्यमा साहित्यबाट कल्पना चिलवाल, संस्कृतिबाट कृष्णप्रसाद गौतम, नृत्य निर्देशन तथा कलाकारबाट गमबहादुर परियार, फाइन आर्टबाट ज्योति गुरुङ, लेखनाथ साहित्य प्रतिष्ठानबाट नवराज अधिकारी, लोकगीत तथा संगीतबाट प्रेमराज अधिकारी, संगीत तथा ब्यान्डबाट भास्करध्वज श्रेष्ठ, साहित्य तथा इतिहासबाट रवीन्द्र माकाजु, साहित्य तथा कलाबाट रिता पहारी तथा लोक तथा दोहोरी संगीतबाट शिवहरि ढुंगाना चयन हुनुभएको छ । यी नियुक्ति तथा मनोनयन पोखरा प्रज्ञा-प्रतिष्ठान ऐन, २०७६ (दोस्रो संशोधन-२०८२) अनुसार गरिएको महानगरपालिकाले जनाएको छ । नियुक्तिपत्र हस्तान्तरण कार्यक्रममा बोल्दै पोखराका मेयर धनराज आचार्यले पोखरा प्रज्ञा-प्रतिष्ठानले नगरको प्राज्ञिक, साहित्यिक तथा सांस्कृतिक विकासमा उल्लेखनीय योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । प्रतिष्ठानका गतिविधिले पोखराको भाषा, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा टेवा पुग्ने बताउँदै उहाँले प्रतिष्ठानका लागि व्यवस्थित कार्यालय, आवश्यक कानुनी आधार र पर्याप्त बजेटको व्यवस्था गरिएको जानकारी दिनुभयो । उपप्रमुख मञ्जुदेवी गुरुङले प्रतिष्ठानको सक्रियताले पोखराको भाषा, साहित्य र सिर्जनशील क्षेत्रलाई थप उर्जा दिने विश्वास व्यक्त गर्दै महानगरपालिकाले आवश्यक सहयोग र सहजीकरण निरन्तर गर्ने बताउनुभयो ।

नवनियुक्त कुलपति सरस्वती प्रतीक्षाले आफूलाई दिइएको जिम्मेवारी इमानदारी र निष्ठापूर्वक पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । पोखराको प्राज्ञिक, साहित्यिक र सांस्कृतिक पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्न सबै क्षेत्रसँग सहकार्य गर्दै प्रतिष्ठानलाई नमुना संस्थाका रूपमा विकास गर्ने उहाँको भनाइ छ ।

यसअघि कुलपति पदमराज ढकालको कार्यकाल सकिएपछि करिब डेढ वर्षदेखि प्रतिष्ठान नेतृत्वविहीन अवस्थामा थियो । नयाँ नेतृत्व चयन भएसँगै प्रतिष्ठानका गतिविधि थप सक्रिय, व्यवस्थित र परिणाममुखी हुने अपेक्षा गरिएको छ ।

## सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्न पर्यटन बोर्ड र सांस्कृतिक संस्थानबीच सम्झौता


**रासस**
काठमाडौं, १३ साउन

सांस्कृतिक पर्यटन प्रवर्द्धनका लागि नेपाल पर्यटन बोर्ड र सांस्कृतिक संस्थानबीच सम्झौता भएको छ ।

नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को सहकार्यमा सञ्चालित दिगो पर्यटन परियोजना (एसटिपी) र सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर)बीच अपि-साइपाल तथा कञ्चनजङ्घा पदमार्ग केन्द्रित सांस्कृतिक प्रदर्शन प्याकेज विकास तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने विषयमा सम्झौता भएको हो । नेपाल पर्यटन बोर्डमा बुधबार नेपाल पर्यटन बोर्डका निमित्त कार्यकारी प्रमुख हिक्मतसिंह ऐर र सांस्कृतिक संस्थानका तर्फबाट महाप्रबन्धक किरणबाबु पुनले सम्झौतामा हस्ताक्षर गर्नुभयो ।

सम्झौताअनुसार दुवै संस्थाले सांस्कृतिक सम्पदालाई पर्यटन उत्पादनका रूपमा विकास

बाँकी अन्तिम पृष्ठमा ▸▸

# पोखरामा प्रोटोन ईमास ५ बिक्री वितरण सुरु, एकै दिनमा ३० वटा गाडी बुकिङ

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन




पोखरामा प्रोटोन ईमास ५ बिक्रि वितरण सुरु भएको छ। नेपालका लागि प्रोटोन सवार ीसाधनको आधिकारिक वितरक जगदम्बा मोटर्स प्रालिले आफ्नो आधिकारिक बिक्री साझेदार स्क्वायर अटोमोबाइल्स प्रालिसँगको सहकार्यमा पोखरास्थित बुद्धचोकको शोरुमबाट नयाँ विद्युतीय बहुउपयोगी सवारी ' प्रोटोन ईमास ५' (कम्प्याक्ट इलेक्ट्रिक एसयूभी) सार्वजनिक गरेको छ।

कम्पनीका अनुसार नेपालमा प्रोटोन ब्रान्डअन्तर्गत भित्रिएको दोस्रो विद्युतीय सवारीका रूपमा 'ईमास ५ आधुनिक जीवनशैली र दैनिक यात्रालाई अझ सहज, बुद्धिमत्तापूर्ण र दिगो बनाउने उद्देश्यका साथ नेपाली बजारमा ल्याइएको हो । पहिलो चरणमा ३० वटा गाडीको माग भई अग्रिम बुकिङ भएको कम्पनीले जनाएको छ । नेपालको प्रमुख पर्यटकीय सहर पोखराबाट नयाँ विद्युतीय सवारी सार्वजनिक गरिनुले दिगो यातायातप्रति बढ्दो आकर्षण र विश्वासलाई थप बल मिलेको कम्पनीले जनाएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै जगदम्बा मोटर्सका वरिष्ठ महाप्रबन्धक सुशील क्षेत्रीले प्रोटोनसँगको सफल सहकार्यलाई निरन्तरता दिँदै नेपालको प्रमुख पर्यटकीय केन्द्र पोखराबाट 'ईमास ५' सार्वजनिक गर्न पाउँदा अत्यन्त उत्साहित भएको बताए। उनले अत्याधुनिक प्रविधि, उत्कृष्ट सुरक्षा, व्यावहारिक उपयोगिता तथा प्रतिस्पर्धी मूल्यका कारण 'ई।मास ५' पोखरा र गण्डकी प्रदेशका ग्राहकहरूको पहिलो रोजाइ बन्ने विश्वास व्यक्त गरे। विश्वस्तरीय विद्युतीय सवारी नेपाली बजारमा उपलब्ध गराउँदै नेपालको दिगो यातायात अभियानमा योगदान दिन पाउनु कम्पनीका लागि गौरवको विषय भएको उनको भनाइ थियो।क्षेत्रीले 'ईमास ५' को आगमनसँगै पोखरा तथा गण्डकी प्रदेशका ग्राहकहरूले आधुनिक प्रविधि, उत्कृष्ट कार्यसम्पादन र सहज प्रयोगको अनुभव प्राप्त गर्ने विश्वास व्यक्त गरे। साथै यसअघि सार्वजनिक भएको ' प्रोटोन ईमास ७' ले नेपाली बजारमा पाएको सकारात्मक प्रतिक्रिया, ग्राहकहरूको उत्साह, अग्रिम बुकिङ ९बुकिङ० तथा बिक्रीमा देखिएको विश्वासका लागि स्क्वायर अटोमोबाइल्स प्रालिका सञ्चालक तथा सम्पूर्ण टोलीप्रति आभारसमेत व्यक्त गरे । मलेसियाको अग्रणी राष्ट्रिय अटोमोबाइल ब्रान्ड प्रोटोनले सन् २०१७ देखि जिली सँगको रणनीतिक साझेदारीमार्फत अन्तर्राष्ट्रिय बजारमा आफ्नो विस्तारलाई तीव्र बनाउँदै आएको छ। हाल 'प्रोटोन ईमास' मलेसियाको अग्रणी विद्युतीय सवारी ब्रान्डका रूपमा स्थापित भइसकेको छ भने नेपालसहित विभिन्न अन्तर्राष्ट्रिय बजारमा आफ्नो उपस्थिति निरन्तर विस्तार गरिरहेको कम्पनीले जनाएको छ । 'प्रोटोन ईमास ५' नेपालमा 'प्राइम' र 'प्रिमियम' गरी दुई संस्करणमा उपलब्ध हुनेछ। पोखरामा सार्वजनिक गरिएको अवसरमा कम्पनीले 'प्राइम' संस्करणको विशेष सुरुआती मूल्य २९ लाख ९९ हजार रुपैयाँ तथा 'प्रिमियम' संस्करणको विशेष सुरुआती मूल्य ३४ लाख ९९ हजार रुपैयाँ तोकेको जनाएको छ। कम्पनीका अनुसार यो विशेष मूल्य पहिलो एक सय ग्राहक तथा सीमित अवधिका लागि मात्र लागू हुनेछ। इच्छुक ग्राहकहरूले पोखरास्थित प्रोटोन शोरुममा पुगेर 'ईमास ५' को प्रत्यक्ष अवलोकन गर्न, परीक्षण यात्रा (टेस्ट ड्राइभ) गर्न तथा यसमा समावेश अत्याधुनिक प्रविधिको अनुभव लिन सक्ने स्क्वायर अटोमोबाइल्स प्रालिका अध्यक्ष आर्दशमान श्रेष्ठले बताउनु भयो । उहाँका अनुसार पहिलो चरणमा कम्पनीमा उक्त गाडीको अत्याधिक माग भएको छ ।

# भण्डारीका दुई कृति 'जूनका किरणहरु' र 'जिन्दगीका पानाहरु' लोकार्पण

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन



स्रष्टा टीका प्रसाद भण्डारीका दुई साहित्यिक कृति 'जूनका किरणहरु' र 'जिन्दगीका पानाहरु' बुधबार पोखरामा एक समारोहबीच एकैसाथ लोकार्पण गरिएको छ।

पूर्व कर्मचारी सेवा परिषद् गण्डकी प्रदेश र धनञ्जय गोत्रीय भण्डारी समाज कास्की सङ्गमको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा गण्डकी प्रज्ञा-प्रतिष्ठानका कुलपति प्रा. डा. कुशुमाकर न्यौपानेले ' जिन्दगीका पानाहरू' निबन्ध सङ्ग्रह र 'जूनका किरणहरू' कविता सङ्ग्रहको संयुक्त रूपमा लोकार्पण गरेका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै कुलपति न्यौपानेले दुवै कृतिमा विविध विषयवस्तुलाई समेटिएका उत्कृष्ट सिर्जनाहरू समावेश भएको बताए । उनका अनुसार कृतिहरूमा सामाजिक विकृति-विसङ्गति, धार्मिक पक्ष, प्राकृतिक सौन्दर्य, समसामयिक विषय, प्रेम, आत्मजीवनका अनुभूति तथा सत्मार्गमा लाग्न प्रेरित गर्ने भावनाहरू प्रभावकारी ढङ्गले प्रस्तुत गरिएका छन् ।

गण्डकी प्रदेशले एक कुशल र सम्भावनाशील स्रष्टा पाएको उल्लेख गर्दै उनले टीका प्रसाद भण्डारीलाई आगामी दिनमा पनि निरन्तर साहित्य सिर्जनामा सक्रिय रहन आग्रह गरे। कुलपति न्यौपानेले आफूले गण्डकी प्रज्ञा-प्रतिष्ठानको नेतृत्व सम्हालेपछि चार वर्षे कार्ययोजना बनाएर संस्थागत विकास तथा साहित्य, कला र संस्कृतिको प्रवर्द्धनमा योजनाबद्ध रूपमा काम गरिरहेको जानकारी पनि दिए । कार्यक्रममा आफ्ना धारणा राख्दै स्रष्टा टीका प्रसाद भण्डारीले साहित्यिक यात्राका अनुभव, कृति लेखनको पृष्ठभूमि तथा लोकार्पणको अवसरले आफूलाई थप जिम्मेवार बनाएको बताए । उनले आफ्ना कमजोरीहरू सुधार्दै अझ उत्कृष्ट सिर्जना गर्ने प्रतिबद्धता व्यक्त गर्दै पाठकलाई कृतिहरू अध्ययन गरी रचनात्मक सुझाव दिन आग्रह गरे । कृतिमाथि समीक्षा गर्ने समीक्षक तथा उपस्थित सबैप्रति उनले आभार व्यक्त गरे । पूर्व कर्मचारी सेवा परिषद् गण्डकी प्रदेशका अध्यक्ष गिरीधारी सुवेदीले भण्डारी निरन्तर सक्रिय, सिर्जनशील र ऊर्जावान व्यक्तित्वका रूपमा साहित्य क्षेत्रमा अघि बढिरहेको बताए । कार्यक्रममा 'जिन्दगीका पानाहरू' निबन्ध सङ्ग्रहमाथि शिक्षाप्रेमी होममणि भण्डारीले समीक्षा प्रस्तुत गरेका थिए भने 'जूनका किरणहरू' कविता सङ्ग्रहमाथि प्राज्ञ छन्दिका त्रिपाठीले समीक्षात्मक टिप्पणी गरेकी थिइन् । दुवै समीक्षकले कृतिहरूले समाज, जीवन र मानवीय संवेदनालाई प्रभावकारी रूपमा अभिव्यक्त गरेको धारणा राखे। गण्डकी प्रज्ञा-प्रतिष्ठानको सभाहलमा आयोजित कार्यक्रममा प्रतिष्ठानले सहकार्य गरेको थियो । कार्यक्रममा कवि शिव त्रिपाठीले कविता वाचन गरेका थिए भने धनञ्जय गोत्रीय भण्डारी समाज नेपालका अध्यक्ष सूर्यप्रसाद भण्डारी र निवृत्त शिक्षक मनोरथ आचार्यले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।कार्यक्रममा विष्णुप्रसाद भण्डारीले स्वागत मन्तव्य राखेका थिए भने सञ्चालन ध्रुवराज पोखेलले गरेका थिए।

# शिक्षालाई जीवनको सर्वोच्च मूल्यका रुपमा ग्रहण गर्नु नै गुरूप्रतिको सम्मान हो: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन




गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले शिक्षालाई जीवनको सर्वोच्च मूल्यका रुपमा ग्रहण गर्नु नै गुरूप्रतिको सच्चा सम्मान रहने बताउनुभएको छ।

गुरुपूर्णिमाको अवसर पारेर भूतपूर्व विन्ध्यवासिनी विद्यार्थी मञ्च, पोखराले आयोजना गरेको गुरूहरूको सम्मान कार्यक्रममा प्रदेश प्रमुख भट्टले गुरु र शिष्यबीचको सम्बन्ध विश्वास, अनुशासन, सम्मान, समर्पण र चरित्र निर्माणको रहने उल्लेख गर्नुभयो।

'अधिकांश महान् व्यक्तित्वका पछाडि कुनै न कुनै प्रेरणादायी गुरुको मार्गदर्शन रहन्छ । गुरुको सम्मान केवल एउटा दिवस वा कार्यक्रममा मात्र सीमित हुनुहुँदैन ।' उहाँले भन्नुभयो - 'गुरुहरूले सिकाएका आदर्शलाई व्यवहारमा उतार्नु, उहाँहरूप्रति सदैव आदर राख्नु र शिक्षालाई जीवनको सर्वोच्च मूल्यका रूपमा ग्रहण गर्नु नै वास्तविक सम्मान हो ।' शिक्षक र विद्यार्थीबीचको सौहार्दपूर्ण सम्बन्ध, श्रद्धा, सम्मानले नै विद्यालयको गुणस्तर वृद्धिमा पनि भूमिका खेल्ने उहाँको भनाई छ । 'विद्यालयमा गरिने रचनात्मक कार्यहरुले नयाँ विद्यार्थीहरुलाई हौसलाका साथै शैक्षिक विकासमा पनि टेवा पुग्दछ ।' प्रदेश प्रमुख भट्टले भन्नुभयो - 'आफ्ना बाल्यकालका स्मृतिहरूलाई ताजा गर्ने बहानामा मातृविद्यालयको हितका लागि सोच्नु, भाइबहिनीहरूको प्रोत्साहनका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नु र विद्यालयको भौतिक तथा शैक्षिक विकासमा हातेमालो गर्नु साँचो अर्थमा समाजसेवा पनि हो । आफूले प्राप्त गरेको ज्ञान, सीप र साधनलाई आफ्नै शिक्षाको जगको उन्नतिका लागि प्रयोग गर्नु नै असल नागरिकको पहिचान पनि हो ।'

कार्यक्रममा मञ्चले विद्यालय स्थापनादेखि २०४० सालसम्म अध्यापन गराउनुभएका शिक्षकहरूलाई सम्मान गरेको थियो ।

# प्रस्तावित प्रमुख निर्वाचन आयुक्तमा कार्कीको नाम अनुमोदन



**रासस**
काठमाडौं, १३ साउन

संसदीय सुनुवाइ समितिले प्रमुख निर्वाचन आयुक्तमा मानबहादुर कार्की, आयुक्तहरूमा गुरु वाग्ले र डा राजीव सुब्बाको नाम सर्वसम्मत अनुमोदन गरेको छ।

सिंहदरबारस्थित समितिको आजको बैठकमा प्रस्तावित प्रमुख निर्वाचन आयुक्त कार्की र आयुक्तहरूमा वाग्ले र सुब्बाको नाम अनुमोदन गरेको समितिका सभापति बोध नारायण श्रेष्ठले जानकारी गराउनुभयो ।

संवैधानिक परिषद्को सिफारिसमा संसदीय सुनुवाइले अनुमोदन गरेपछि उहाँहरूलाई राष्ट्रपतिले नियुक्ति गर्ने संवैधानिक व्यवस्था छ।

संवैधानिक परिषद्को गत असार १९ गतेको बैठकले प्रमुख निर्वाचन आयुक्तमा कार्की तथा आयुक्तहरूमा वाग्ले र डा सुब्बाको नाम सिफारिस गर्ने निर्णय गरेको थियो ।

## जीवनमा ...

र नैतिक आचरण अपरिहार्य रहेको बताउनुभयो । एकाग्र भएर ध्यानमग्न भई प्रत्येक कार्य इमानदारी र समर्पणका साथ सम्पन्न गर्न सके हरेक व्यक्ति अरूका लागि प्रेरणाको स्रोत र मार्गदर्शक बन्न सक्ने उहाँको भनाई थियो । परमात्माप्रतिको आस्था, सकारात्मक भावना र स्मरणले जीवनमा शान्ति, आत्मविश्वास तथा सफलताको ऊर्जा प्रदान गर्ने उहाँले धारणा व्यक्त गर्नुभयो । कार्यक्रममा प्रशिक्षक, सहजकर्ता तथा सामाजिक रूपान्तरणका संवाहकहरूलाई आध्यात्मिक ज्ञान, राजयोग साधना र व्यक्तित्व विकाससम्बन्धी प्रशिक्षण प्रदान गरिएको थियो । गुरु पूर्णिमाको अवसरमा विभिन्न क्षेत्रबाट आध्यात्मिक, सामाजिक तथा मानवीय सेवामा योगदान पुर्‍याएका व्यक्तित्वहरूलाई सम्मान समेत गरिएको थियो । कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी कुमारसिंह गुरुङ, रेडियो नेपालका वरिष्ठ सञ्चारकर्मी नवीन दाहाल, शसस्त्र प्रहरीका एसपी अरुण पौडेल लगायत विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन ब्रह्माकुमार शिशिरले गर्नुभएको थियो । कार्यक्रममा सहभागीहरूले आध्यात्मिक चेतना, आत्मअनुशासन र राजयोग साधनामार्फत व्यक्तिगत तथा सामाजिक रूपान्तरण सम्भव रहेको विश्वास व्यक्त गर्नु भएको ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय पार्दीका प्रमुख अप्सरा दिदीले बताउनु भयो ।

## सांस्कृतिक...

गर्दै दुर्गम हिमाली गन्तव्यमा पर्यटकको बसाइ लम्ब्याउने र स्थानीय समुदायलाई प्रत्यक्ष आर्थिक लाभ पुग्ने गरी विभिन्न कार्यक्रम सञ्चालन गर्नेछन् ।

उक्त सम्झौताअनुसार २०८३ साउनदेखि २०८३ पुस १४ गतेसम्म परियोजना कार्यान्वयनको समयवाधि तय गरिएको छ । परियोजनाअन्तर्गत 'अपि-साइपाल र कञ्चनजङ्घा पदमार्गका प्रदर्शन लागि सांस्कृतिक प्याकेज विकास' कार्यक्रम सांस्कृतिक संस्थानले कार्यान्वयन साझेदारका रूपमा सञ्चालन गर्नेछ । सम्झौताअन्तर्गत अपि-साइपाल र कञ्चनजङ्घा क्षेत्रमा सांस्कृतिक प्याकेज विकास तालिम, सांस्कृतिक कलाकार तथा स्रोत व्यक्तिको परिचालन, वाद्यवादन सामग्री र साउन्ड सिस्टम व्यवस्थापन, नमूना सांस्कृतिक प्रस्तुति, सांस्कृतिक प्याकेज प्रदर्शनी तथा स्थानीय सांस्कृतिक प्रस्तुतिको विकास गरिनेछ । यसका अतिरिक्त जनकपुर, मनास्लु र लुम्बिनीमा समेत सांस्कृतिक प्रदर्शन प्याकेज विकास कार्यक्रम सञ्चालन गरिनेछ। परियोजनामा फरक क्षमता भएका व्यक्तिहरूका लागि गायन तालिम, प्रतिभा प्रस्तुति र रेकर्डिङ कार्यक्रम समेत समावेश गरिएको छ। साथै अपि, मनास्लु र कञ्चनजङ्घा क्षेत्रका सांस्कृतिक समूहबीच सांस्कृतिक आदान-प्रदान कार्यक्रम सञ्चालन गरी स्थानीय कला, संस्कृति र परम्परालाई पर्यटनसँग जोड्ने योजना रहेको नेपाल पर्यटन बोर्डले जनाएको छ। सम्झौतापछि बोर्डका निमित्त कार्यकारी प्रमुख ऐरले नेपालका हिमाली पदमार्गहरू प्राकृतिक सौन्दर्यका मात्र नभई जीवित संस्कृति र मौलिक पहिचानका केन्द्र भएको उल्लेख गर्दै यस सहकार्यले पर्यटनलाई स्थानीय संस्कृतिसँग जोडेर नयाँ अनुभव सिर्जना गर्ने विश्वास व्यक्त गर्नुभयो। "पर्यटकलाई हिमालसँगै स्थानीय संस्कृति, कला र जीवनशैलीको प्रामाणिक अनुभव प्रदान गर्नु दिगो पर्यटनको आधार हो, सांस्कृतिक संस्थानसँगको यो सहकार्यले अपि-साइपाल, कञ्चनजङ्घा लगायतका गन्तव्यमा सांस्कृतिक पर्यटनको नयाँ आयाम थप्नुका साथै स्थानीय कलाकारका लागि रोजगारी र आयआर्जनका अवसर सिर्जना गर्नेछ", उहाँले भन्नुभयो।


## सचेत उपभोक्ता बनौं

सामान खरिद गर्दा देहायका विषय एकिन गरौं:

◆ उत्पादकको नाम, ठेगाना र दर्ता नम्वर,
◆ वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
◆ आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
◆ वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
◆ वस्तुको अधिकतम् विक्री मूल्य.
◆ गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
◆ वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म वैकिङ माध्यमवाट भुक्तानी गरौं भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं

नेपाल सरकार
विज्ञापन बोर्ड



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी


डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि


डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि


डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# नेपाल सुरुङ युगमा प्रवेश

सङ्घीय राजधानी काठमाडौँ र धादिङ जोड्ने नागढुङ्गा-सिस्नेखोला सुरुङमार्ग सञ्चालनमा आएको छ । मित्रराष्ट्र जापान सरकारको सहयोगमा निर्माण भएको यो सुरुङमार्ग नेपालको भौतिक पूर्वाधार विकासमा कोसेढुङ्गा साबित भएको छ । विसं २०७६ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गरेको मुलुककै पहिलो आधुनिक यातायात सुरुङमार्ग सोमबारदेखि औपचारिक रूपमा सञ्चालनमा आएको छ । नेपालको विकास प्रबिधिको उच्चतम प्रयोगबाट हुनुपर्छ भन्ने ओलीको योजना प्रयोगमा आएको छ । यो नेपाली इन्जिनियरिङ र विकासको नवीन सुरुङ युगको सुखद प्रस्थानविन्दु पनि हो ।

काठमाडौँको थानकोट (बलम्बु) देखि धादिङको सिस्नेखोला जोड्ने २.६८८ किलोमिटर लामो यो सुरुङमार्गले जोखिमपूर्ण यात्रा सहज बनाएको छ । घन्टौँ जाम, इन्धनको बर्बादी र दुर्घटनाको जोखिम टरेको छ । काठमाडौँ-धादिङ यात्रा केही मिनेटमै सीमित भएको छ । यसले इन्धन खपत, सवारीसाधनको मर्मत खर्च, समयको बचत र ढुवानी लागत घटाएर अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याउने छ । जापान सरकारको सहुलियतपूर्ण ऋण र नेपाल सरकारको संयुक्त लगानीमा २५ अर्बमा निर्मित यो आयोजनाले दुई देशबिचको प्रगाढ कूटनीतिक तथा प्राविधिक सम्बन्धलाई थप उचाइमा पुऱ्याएको छ । कोभिड-१९ महामारी, जग्गा मुआब्जा विवाद र प्राविधिक जटिलताका कारण यो परियोजना सम्पन्न गर्न ८० महिना लाग्यो । ढिलै भए पनि यो परियोजनाको पूर्णताले ठुला पूर्वाधार निर्माणमा नेपालको आत्मविश्वास बढाएको छ ।

अहिले सुरुङमार्गलाई परीक्षणकालीन रूपमा आकस्मिक र अत्यावश्यक सवारीका लागि मात्र खुला गरिएको छ । सुरुङभित्रको ट्राफिक व्यवस्थापन, सुरक्षा प्रणाली र प्रविधिको पूर्ण जाँच गरी चरणबद्ध सबै सवारीका लागि सुरक्षित रूपमा खुला गरिने छ । सुरुङमार्ग सञ्चालनमा सरकारले राजपत्रमा सूचना प्रकाशित गरेर सार्वजनिक दस्तुर निर्धारण गरेको छ । जस अनुसार कार, भ्यान, पिकअप, ट्र्याक्टर, माइक्रोबस र अन्य हलुका सवारीले काठमाडौँ छिर्दा ६५ रुपियाँ र काठमाडौँबाट प्रस्थान गर्दा ६० रुपियाँ तिर्नुपर्ने छ । त्यसैगरी मिनीबस, मिनीटिप्पर/ट्रकले काठमाडौं आउँदा ११५ रुपियाँ र काठमाडौँबाट बाहिरिँदा ८० रुपियाँ तिर्नु पर्छ । बस, ट्रक (सिङ्गल रियर एक्सल) का हकमा काठमाडौँ भित्रिँदा २६० रुपियाँ र बाहिरिँदा दुई सय रुपियाँ दस्तुर तोकिएको छ । मल्टी एक्सल ट्रक/सवारीसाधन र भारी उपकरणलाई भित्र छिर्दा छ सय र बाहिरिँदा २५० रुपियाँ दस्तुर निर्धारण गरेको छ। आफ्नै मुलुकको सुरुङमार्गमा गाडी गुडाउने नेपालीको बर्सौँदेखिको सपना थियो । बहुप्रतीक्षित नागढुङ्गा सुरुङमार्ग सञ्चालनमा आएसँगै नेपालीका सपना साकार भएको छ । यो राष्ट्रिय गौरवको आयोजना हो । धादिङको सिस्नेखोला र काठमाडौँको बलम्बुसम्मको सुरुङमार्ग सञ्चालनपछि नागढुङ्गा हुँदै राजधानी भित्रिने र बाहिरिने यातायातले खेप्नुपर्ने पट्यारलाग्दो जाम अन्त्य हुँदै छ ।

तीव्र घुम्ती र पहिरोको जोखिममा रहने एक घण्टाभन्दा लामो यात्रा केही मिनेटमै पूरा हुने भएको छ । पूर्वाधार विकासमन्त्री सुनील लम्साल, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) का केन्द्रीय अध्यक्ष डा. नाताका अकिहितोले सुरुङमार्ग उद्घाटन गरे। यो जापान-नेपाल मित्रता र सहयोगको प्रतीक हो । "अब मुलुक टनेल युगमा प्रवेश गऱ्यो । अब देशैभरि यस्ता टनेल बन्ने छन् ।" मन्त्री लम्सालको भनाइ पुराना दलका नेताको देश बनाउने सोच दुरदर्शि रहेछ भन्ने देखाउँछ। यो परियोजनाको सफलताले नेपालको यातायात विकासमा ऐतिहासिक फड्को मारेको छ । यसले नेपाल-जापान सहकार्य, प्राविधिक सिप हस्तान्तरण र ७० बर्से दौत्य सम्बन्धको प्रगाढ मित्रतालाई जीवन्त बनाएको छ । नेपाल र जापानबिच दौत्य सम्बन्ध स्थापना भएको ७० औँ वर्षगाँठकै वर्ष यो सुरुङमार्गको सञ्चालनबाट मुलुकको अर्थतन्त्रलाई गतिशील बनाउन महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।नागढुङ्गा सुरुङमार्गको यो सफलताले देशका अन्य सम्भावित क्षेत्रमा पनि सुरुङमार्ग प्रविधिको विकास गर्न प्रेरणा दिने छ। आधुनिक समृद्धिका लागि सडक सञ्जाल विस्तार गर्न नेपाल जस्तो पहाडी मुलुकलाई यो सुरुङमार्ग प्रविधि उत्तम र भरपर्दो विकल्प हुन सक्छायसको दीर्घकालीन मर्मतसम्भार, चुस्त व्यवस्थापन र पारदर्शी सञ्चालनमा विशेष ध्यान दिनुआवश्यक छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बड्ने |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : शुभ यात्रा |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नवनियुक्त मुख्यमन्त्री शाहीद्वारा शपथ

**रासस**
काठमाडौं, १३ साउन

कर्णाली प्रदेशका नवनियुक्त मुख्यमन्त्री मङ्गलबहादुर शाहीले पद तथा गोपनीयताको शपथ लिनुभएको छ ।

कर्णाली प्रदेश प्रमुखको कार्यालय सुर्खेतद्वारा बुधबार वीरेन्द्रनगरमा आयोजित समारोहमा मुख्यमन्त्री शाहीले प्रदेश प्रमुख यज्ञराज जोशीसमक्ष पद तथा गोपनीयताको शपथ लिनुभएको हो । प्रदेश प्रमुख जोशीले नेपालको संविधानको धारा १७२ बमोजिम मुख्यमन्त्री शाहीलाई पद तथा गोपनीयताको शपथ गराउनुभयो ।

उक्त समारोहमा कर्णाली प्रदेशका सभामुख नन्दा गुरुङ, पूर्वमुख्यमन्त्रीत्रय यामलाल कँडेल, जीवनबहादुर शाही, राजकुमार शर्मा, उपसभामुख यशोदा न्यौपाने, उच्च अदालत सुर्खेतका मुख्य न्यायाधीश हरिप्रसाद भण्डारी, प्रदेशसभाका सदस्यहरू, प्रमुख सचिव, प्रदेश सचिव तथा सुरक्षा निकायका प्रमुखहरूको सहभागिता रहेको थियो । शाही नेकपा (एमाले)को समर्थनमा मङ्गलबार मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो । उहाँले पदभार ग्रहण गर्नुभएको छ ।

# प्रधानमन्त्री शाह रास्वपाको वरिष्ठ नेतामा मनोनीत

**रासस**
काठमाडौं, १३ साउन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को वरिष्ठ नेतामा वालेन्द्र शाह मनोनीत हुनुभएको छ । बुधबार बसेको केन्द्रीय समिति बैठकले प्रधानमन्त्री समेत रहनुभएका शाहलाई वरिष्ठ नेतामा मनोनीत गर्ने निर्णय गरेको पार्टी महामन्त्री विपिनकुमार आचार्यले जानकारी दिनुभयो ।

उहाँका अनुसार पार्टी विधानको भाग ६ को धारा २२ को उपधारा ११ (ञ) को बमोजिम पार्टी सभापति रवि लामिछानेको प्रस्तावमा शाहलाई सर्वसम्मत रूपमा पार्टीको वरिष्ठ नेता मनोनीत गरिएको हो ।

सुनसरीलगायत जिल्लाका पछिल्ला घटनाक्रमहरूमा परी ज्यान गुमाउनु हुने नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै पार्टी बैठकले शोकाकुल परिवारजनमा रास्वपाले गहिरो समवेदना प्रकट गरेको छ । साथै घटनामा परी घाइते हुनुभएका सम्पूर्ण नागरिक तथा सुरक्षाकर्मीहरूको शीघ्र स्वास्थ्यलाभको कामनासमेत बैठकले गरेको छ ।

महामन्त्री आचार्यका अनुसार बैठकमा पार्टीको वडा तहदेखि केन्द्रसम्म सम्पन्न प्रथम ऐतिहासिक महाधिवेशनका बहुआयामिक पक्षहरूमा विस्तृत र निर्मम समीक्षा गरिएको छ । लोकतान्त्रिक अभ्यासका क्रममा हरेक तहमा भएका कमी-कमजोरीलाई निसङ्कोच स्वीकार्दै ती अनुभवहरूबाट पाठ सिकेर सिङ्गो पार्टी पङ्क्तिलाई थप परिपक्व र सुदृढ बनाउन सम्पूर्ण प्रक्रियाको बृहत् अध्ययन गर्ने निर्णय गरिएको छ ।

त्यसैगरी बैठकले पार्टी विधानको भाग ६ को धारा २३ बमोजिम 'पार्टी सचिवालय' गठन गरेको छ । उक्त सचिवालयमा पार्टी सभापतिसहित निर्वाचित पदाधिकारीहरू उपसभापतिद्वय डा स्वर्णिम वाग्ले र सोविता गौतम, महामन्त्री विपिनकुमार आचार्य तथा सह-महामन्त्रीत्रय असिम शाह, हरि ढकाल र निशा डाँगी रहनुभएको छ ।

ब ै ठ क ल े सरकारमा सहभागी पार्टीका मन्त्रीहरूको कार्यसम्पादनलाई जनमुखी बनाउन र पार्टीसँगको समन्वयलाई प्रभावकारी बनाउन, महिनाको कम्तीमा एक दिन मन्त्रीहरूसँग पार्टी कार्यालयमा केन्द्रीय समिति सदस्यहरूको उपस्थितिमा समसामयिक र बहुआयामिक विषयमा अनिवार्य छलफल गर्ने निर्णय गरेको छ ।

त्यसैगरी आत्महत्या र आत्मदाह सम्बन्धमा सामाजिक सञ्जाल निर्देशिका सामाजिक संवेदनशीलतालाई गम्भीर रूपमा मनन गर्दै पार्टीका हरेक तह र तप्कामा रहेका सदस्यलाई आत्महत्या र आत्मदाहजस्ता दुःखद् घटना, समाचार वा जानकारीहरू आफ्ना कुनै पनि सामाजिक सञ्जालहरूमा सेयर वा सम्प्रेषण नगर्न केन्द्रीय समितिले निर्देशन जारी गरेको छ ।

# कांग्रेस वरिष्ठ नेता श्रेष्ठको अन्त्येष्टि

**रासस**
काठमाडौं, १३ साउन

नेपाली कांग्रेसका वरिष्ठ नेता एवं पूर्वउपप्रधानमन्त्री गोपालमान श्रेष्ठको बुधबार पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ ।

कांग्रेसका सभापति गगनकुमार थापाले उहाँको पार्थिव शरीरमा पार्टीको झण्डा ओढाएर श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो । श्रेष्ठका छोराले उहाँलाई दागबत्ती दिनुभएको थियो । नेता श्रेष्ठप्रति श्रद्धाञ्जली व्यक्त गर्न पार्टीका शीर्ष नेताहरू आर्यघाट पुग्नुभएको थियो ।

वरिष्ठ नेता श्रेष्ठको पार्थिव शरीरलाई यसअघि कांग्रेसको पार्टी सानेपा काठमाडौँमा श्रद्धाञ्जलीका लागि राखिएको थियो । कांग्रेसको पार्टी कार्यालयमा उहाँप्रति श्रद्धाञ्जली व्यक्त गर्न विभिन्न दलका शीर्ष नेताहरू जानुभएको थियो ।

वरिष्ठ नेता श्रेष्ठको ७९ वर्षे उमेरमाललितपुरकोजावलाखेलस्थित हेलिअस अस्पतालमा उपचारका क्रममा मङ्गलबार भएको निधन भएको थियो । स्व श्रेष्ठ विद्यार्थी जीवनदेखि नै नेपाली कांग्रेसको राजनीतिमा सक्रिय रहँदै आउनुभएको थियो ।

स्व श्रेष्ठले यसअघि लोकतन्त्रको स्थापना, पुनःस्थापना तथा सुदृढीकरणका लागि भएका विभिन्न सङ्घर्ष र आन्दोलनहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको कांग्रेसले जनाएको छ । कांग्रेसका विभिन्न पदीय जिम्मेवारीमा रही नेतृत्व प्रदान गर्ने क्रममा उहाँले पटक-पटक गरी करिब छ वर्ष जेल जीवन बिताउनुभएको थियो । स्व श्रेष्ठ यसअघि विसं २०४८, २०५६, २०६४ मा स्याङ्जा जिल्लाबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको थियो । स्व श्रेष्ठ यसअघि २०७० सालको संविधानसभा निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीबाट संविधानसभा सदस्यमा निर्वाचित हुनुभएको थियो । उहाँले नेपाल सरकारको उपप्रधानमन्त्रीका साथै भौतिक योजना तथा निर्माण, वन तथा वातावरण र वाणिज्य तथा शिक्षामन्त्रीका रूपमा जिम्मेवारी सम्हाल्नुभएको थियो ।


नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
लमजुङ

**एउटै व्यक्ति भएको सूचना**



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला हाल बेसीशहर नगरपालिका वडा नं. ०८ निवासी भारतीय भु.पु. सैनिक नं. ५३४३९८६ नायक टि एस पूर्ण वहादुर तमाङ भन्ने पूर्ण वहादुर गुरुङको श्रीमती सन्च माया तमाङ भन्ने सन्जा कुमारी गुरुङले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. २०) मा नामथर सन्च माया तमाङ भन्ने सन्जा कुमारी गुरुङ उल्लेख भएको र भारतीय पेन्सन अभिलेखमा नामथर सन्ज कुमारी गुरुङ उल्लेख भई नामथर फरक परेता पनि उल्लेखित फरक-फरक नामथर गरेको व्यक्ति फरक-फरक नभइ एउटै व्यक्ति भएको बेहोरा बेसीशहर नगरपालिका ०८ नं. वडा कार्यालयको च.नं. ४६ मिति २०८३/०४/१२ को सिफारिस बमोजिम सोहि बेहोरा भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ ।

प्रमुख जिल्ला अधिकारी



नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
कास्की

**एउटै व्यक्ति भएको सूचना**




प्रस्तुत विषयमा कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ३१ निवासी भारतीय भु.पु.सै.नं. TS NO. 156266, PPO NO. S/024125/97 आर्मी नं. JC 602118X नायव सुवेदार चित्र बहादुर राना मगरको तपसिल बमोजिमको पारिवारका सदस्यको नेपाली नागरिकता र पेन्सन अभिलेखमा नामथर र जन्म मिति फरक परेतापनि उक्त फरक विवरण भएका व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका ३१ नं. वडा कार्यालयको च.नं. २५ मिति २०८३।०४।०६ को सिफारिस पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजन को लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

| क्र.सं. | नागिकताको नामथर | पट्टाको नामथर | नागरिकताको जन्म मिति | पट्टाको जन्म मिति | नाता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | चित्र बहादुर राना मगर | चित्र बहादुर राना | वि.सं. २०११।११।२० ई.सं. १९५५-०३-०३ | ई.सं. १९५४-०७-१७ | पेन्सनर | |
| २ | सुकुमाया राना मगर | सुकमाया | वि.सं. २०१६।०१।१५ ई.सं. १९५९-०४-२८ | ई.सं. १९५७-०७-१७ | श्रीमती | |

प्रमुख जिल्ला अधिकारी



**एउटै व्यक्ति भएको सूचना**



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १७ निवासी भारतीय भू.पू.सै.नं.JC-629609 X SUB का चीन बहादुर खत्रीको श्रीमतीको भारतीय सैनिक अभिलेखमा नामथर Bishnu Khattri, जन्म मिति ई.सं. 1977 July 28 'भएको र नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं.45460) मा निजको नामथर Bishnu Kharti, जन्म मिति वि.सं. २०३५।०५।१४ तदानुसार ई. सं. 30 Aug. 1978 भै जन्म मिति फरक परेतापनि उल्लेखित नामथर र जन्म मिति भएको व्यक्ति फरक व्यक्ति नभई एकै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १७ नं. वडा कार्यालयको च.नं. ४९ मिति २०८३।०४।०८ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**



**एउटै व्यक्ति भएको सूचना**



कास्की जिल्ला मादी गाउँपालिका वडा नं. ०४ निवासी भारतीय भू.पू. सै.नं. ५४४९२६१/A रैंक HON-NB-SUB का वालकृष्ण सापकोटाको श्रीमती लालीमाया सापकोटाको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर लालीमाया सापकोटा (Lali Maya Sapkota) जन्म मिति वि.सं. २०२३।०४।१५ तदानुसार ई.सं. १९६६-०७-३० भएको र पेन्सन अभिलेखमा नामथर लालीमाया क्षेत्री (Lali Maya chhetri) जन्म मिति ई.सं. १९६९-०३-१२ तदानुसार वि.सं. २०२५।११।२९ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि मादी गाउँपालिका वडा नं. ०४ नं. वडा कार्यालयको च.नं. १८ मिति २०८३।०४।११ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**



**एउटै व्यक्ति भएको सूचना**



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ३२ निवासी भारतीय भू.पू. सैनिक नं. 5344849 H हवल्दार लाल बहादुर गुरुङको श्रीमती देउता कुमारी गुरुङको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं.-ग.का. ४४६) मा जन्म मिति २०२३।०९।१० (ई.सं. १९६६।१२।२५) भएको र श्रीमानको भारतीय पेन्सन अभिलेखमा जन्म मिति ई.सं. १९६८।१२।२१ भै जन्म मिति फरक परेतापनि व्यक्ति एकै भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका ३२ नं. वडा कार्यालयको च.नं. ५०९५ मिति २०८३।०३।३० को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**



**एउटै व्यक्ति भएको सूचना**



कास्की जिल्ला ले.न.पा. वडा नं. १ निवासी भारतीय भू.पु. सै.नं. 4164811 का हवल्दार जस वहादुर कामीको एकमात्र श्रीमतीको नागरिकतामा नामथर मंगली देवी सुनार र पतिको पारिवारिक पेन्सन अलिभेखमा मंगली देवी उल्लेख भई फरक परेतापनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी कास्की जिल्ला ले.न.पा. कार्यालयको च.नं. १३०६२ मिति २०७२।११।२० को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**



**एउटै व्यक्ति भएको सूचना**



जिल्ला स्याङ्जा साविक रापाकोट गा.वि.स. वडा न. ४ हाल अर्जुनचौपारी गाउँपालिका वडा नं. ४ निवासी भारतीय सैनिक नं ५३३९७५२ ह उम्बा सिं गुरुङको श्रीमती लाल कुमारी गुरुङको नेपाली नागरिकता प्रमाणपत्र र भारतीय पेन्सन अभिलेखमा तपसिल बमोजिम उल्लेख भई फरक परेको भए तापनि फरक फरक नामथर र जन्ममिति भएको व्यक्ति एकै भएको भनी सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं १७, मिति २०८३/०४/११ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

तपशील

| क्र. सं. | नामथर | | नाता | जन्ममिति | | कैफियत |
|---|---|---|---|---|---|---|
| | नेपाली नागरिकता प्रमाणपत्रमा | भारतीय पेन्शन अभिलेखमा | | नेपाली नागरिकता प्रमाणपत्रमा | भारतीय पेन्शन अभिलेखमा | |
| १ | लाल कुमारी गुरुङ | लाल कुमारी | श्रीमती | २०१७/११/२४ | २०१५/१२/०३ | दुई नामथर जन्ममिति भएको व्यक्ति एकै |

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

# 'टिचर्स डे' मा रूपान्तरित हुँदै 'गुरू पूर्णिमा'

रासस
काठमाडौं, १३ साउन

विद्यार्थीहरूले आफैं पैसा उठाएर 'केक' ल्याएका थिए। विद्यालय परिसरमा उत्सवपूर्ण सजावट पनि गरिएको थियो। सबै शिक्षक र विद्यार्थीहरू भेला भए। 'वान, टु थ्रि...' भनेपछि 'केक' काटियो। सबै विद्यार्थीले ताली ठोके। विद्यार्थीहरूले बेलुन फुटाए। सिठी फुके। होहल्लासहित रमाइलो गरे।

त्यहाँ कुनै शिक्षक वा विद्यार्थीको 'वर्थ डे' थिएन। न त कुनै शिक्षकको बढुवा भएको वा कुनै विद्यार्थीले पुरस्कार जितेको उत्सव नै थियो। विद्यालयमा गुरू पूर्णिमा विशेष कार्यक्रम सञ्चालित थियो। विद्यार्थीले प्रधानाध्यापक नारायणप्रसाद गौतमलाई खादा लगाइदिए। अनि गौतमसहित सबै शिक्षकलाई केक खुवाउन थाले। शिक्षकहरूलाई उनीहरूले सम्मान गरे। सांस्कृतिक कार्यक्रम पनि भयो। नियमित कक्षामा 'बोर' मान्ने विद्यार्थीहरू पनि आजको गुरू पूर्णिमाको सांस्कृतिक कार्यक्रममा सक्रिय र उत्साहपूर्वक सहभागी भए। उनीहरू बिहान ९ बजेदेखि दिउँसो ४ बजेसम्म विद्यालयमै गुरूहरूका साथ रमाइलो वातारणमा थिए।

सो विद्यालयका बाल क्लबको अध्यक्ष रहेकी कक्षा ९ की राममाया जैसीले राससससँग भन्नुभयो, "हामीले आफैं व्यवस्थापन गरेर कार्यक्रम गर्यौं। नाचगान र रमाइलो भयो। गुरूहरूको सम्मान गर्यौं। केक पनि काटियो।" केक काट्नु त नेपाली संस्कृति हो र ? भन्ने प्रश्नमा विद्यार्थी जैसीले समयअनुसार केकलाई पनि समेटिएको प्रतिक्रिया दिनुभयो।

छ सय ५० विद्यार्थी र २६ शिक्षक रहेको रानीदेवी माविका प्रधानाध्यापक गौतमले विद्यार्थीको संयोजनमा सांस्कृतिक कार्यक्रमसहित गुरू पूर्णिमा मनाइएकामा खुसी व्यक्त गर्नुभयो।

"पछिल्लो समय विद्यार्थीहरूमा गुरुहरूप्रति सम्मान गर्ने भावना बढेको हो कि भन्ने देखिएको छ। यो सकारात्मक पक्ष हो। संस्कार युक्त शिक्षाको नाराका साथ विगत तीन वर्षदेखि जोड दिँदै आएकामा त्यसको सकारात्मक प्रभाव परेको छ।

पहिला पहिलाका गुरू पूर्णिमामा भन्दा यस पटक विद्यार्थीको उपस्थिति राम्रो भयो। खर्च पनि उनीहरूले आफै उठाएर गरे। विद्यार्थी जागरुक भएका हुन् भन्ने अनुभूति भएको छ।"

गुरु पूर्णिमाः गुरुप्रति सम्मानका साथै संस्कारको मौलिक पर्वका रुपमा लिइन्छ। गुरु पूर्णिमालाई विद्यालयमा केवल औपचारिक समारोहका रूपमा होइन, गुरु-शिष्य परम्पराको जीवन्त अभ्यासका रूपमा मनाउनुपर्नेमा पछिल्लो समय आधुनिक र पश्चिमा संस्कृतिको प्रभावले तडकभडकपूर्ण कार्यक्रम पनि देखिने गरेको छ।

गुरुप्रतिको सम्मान भनेको औपचारिकता मात्रै पनि होइन, अन्तरमनको सम्मान हो। वैदिक परम्पराअनुसार महर्षि वेदव्यासको जन्मजयन्तीका रूपमा मनाइने गुरु पूर्णिमाले ज्ञान, अनुशासन, संस्कार र चरित्र निर्माणको महत्वलाई स्थापित गर्दछ। गुरुबाट केवल विषयगत ज्ञान मात्र नभई जीवन जिउने कला, नैतिकता र जिम्मेवारी सिक्ने दिनका रूपमा यसको विशेष महत्व रहेको मानिन्छ।

विद्यार्थीले आफ्ना शिक्षकप्रति सम्मान व्यक्त गर्दै विद्यालय परिसर सरसफाइ, पुस्तकालय व्यवस्थापन, वृक्षरोपण, अध्ययन-अभियान, नैतिक शिक्षा तथा सेवा-भावका गतिविधिमा सहभागी पनि गर्न सक्छन्। नेपाल संस्कृत विश्वविद्यालयका वाल्मिकी विद्यापीठका उपप्राध्यापक खगेन्द्र नेपाल पुस्तान्तरणसँगै गुरु पूर्णिमाको ढाँचा परिवर्तन आएको स्वीकार गर्नुहुन्छ। सहरिया क्षेत्रमा गुरु पूर्णिमालाई 'टिचर्स डे' भन्न थालिएको छ।

आज गुरु पूर्णिमा मात्रै भएकाले यसलाई त्यहीरुपमा मनाइदिनुपर्छ भने हामीले आफ्नो ठाउँबाट वकालत गरिरहेको उपप्राध्यापक नेपालले बताउनुभयो। विश्व शिक्षक दिवस अक्टोबर ५ तारिखमा मनाइन्छ। परम्परागत रुपमा गुरु पूर्णिमा मनाउँदा श्लोक र कविताबाट आरम्भ गरेर वास्तविक रुपमा सम्मानभाव प्रकटसहित गुरु पूर्णिमा मनाउनुपर्ने उहाँको भनाइ छ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ नेपालका अध्यक्ष काशी दङ्गालले विभिन्न सन्दर्भमा सिकाउने गुरुहरूलाई श्रद्धा व्यक्त गर्ने, स्मरण गर्ने, राम्रा कुरालाई पछ्याउने दिनका रुपमा विद्यार्थी र शिक्षकले आजको दिनलाई मनाउनुपर्ने बताउनुभयो। सुनसरीको जनता मावि व्यवस्थापन समितिका अध्यक्ष दङ्गालले हाल आफ्नो जिल्लामा बन्द भएकाले गुरु पूर्णिमामा मनाउन नपाइएको बताउनुभयो।

मध्यबानेश्वरस्थित एम्बिसन एकेडेमीका प्रिन्सिपल विष्णुकुमार घिमिरेले गुरु पूर्णिमाको दिनले गुरु-शिष्य सम्बन्धको ऐतिहासिक पृष्ठभूमि र महत्व सम्झाउने तथा परम्परागत रूपमा विद्यार्थीले गुरुबाट आशीर्वाद लिने, गुरुका अनुभव सुन्ने, आफूले सिकेका विषयप्रति आत्मसमीक्षा गर्ने तथा आगामी दिनमा अझ अनुशासित र जिम्मेवार बन्ने प्रतिबद्धता व्यक्त गर्ने अभ्यासलाई प्राथमिकता दिन प्रेरित गर्नुपर्ने बताउनुभयो। उहाँले त्यही भावका साथ आफ्ना विद्यार्थीहरूले आजको उत्सव मनाएको बताउनुभयो।

# नेपालमा बाघको सङ्ख्या ४२९

रासस
काठमाडौं, १३ साउन

पछिल्लो गणनाअनुसार नेपालमा बाघको सङ्ख्या ४२९ पुगेको छ। विश्व बाघ दिवसका अवसरमा बुधबार कृषि, वन तथा पर्यावरण मन्त्रालयले बाघको पछिल्लो गणना सार्वजनिक गरेको हो।

कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरीले सार्वजनिक गर्नुभएको २०८२ को गणनाअनुसार कुल बाघको सङ्ख्या मुलुकभर ४२९ पुगेको हो। पछिल्लो गणनाअनुसार चितवन राष्ट्रिय निकुञ्जमा १४५, बर्दिया राष्ट्रिय निकुञ्ज ११२, पर्सा राष्ट्रिय निकुञ्जमा ७१, बाँके राष्ट्रिय निकुञ्जमा ५१ र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा ५० बाघ छन्। पछिल्ला दिनमा संरक्षण क्षेत्र र बासस्थानमा भएको सुधार, सिकार प्रजातिको वृद्धिलगायतका आधारमा बाघको सङ्ख्या थपिएको बताइएको छ।

नेपालमा प्रायः चार वर्षमा बाघ गणना गरिन्छ। सन् २०२२ को बाघ गणनाअनुसार मुलुकमा बाघको सङ्ख्या ३५५ थियो।

सन् २०२२ को गणनाअनुसार सबैभन्दा बढी बाघ चितवन राष्ट्रिय निकुञ्जमा १२८, त्यसपछि बर्दिया राष्ट्रिय निकुञ्जमा १२५, पर्सा राष्ट्रिय निकुञ्जमा ४१, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा ३६ र बाँके राष्ट्रिय निकुञ्जमा २५ बाघ थिए। मन्त्रालयले २००९ देखि हरेक चार वर्षमा बाघ गणना गर्दै आएको छ। नेपालमा बाघको सङ्ख्या सन् २०१० मा १२१, सन् २०१४ मा १९८ र २०१८ मा २३५ रहेको थियो। प्रत्येक वर्ष जुलाई महिनाको २९ मा बाघ दिवस मनाइन्छ।

सन् २०१० मा रूसको सेन्ट पिटर्सबर्गमा भएको बाघ शिखर सम्मेलनको घोषणासँगै यो दिवस मनाउन थालिएको हो। तत्कालीन समयमा बाघको सङ्ख्या तीव्र रूपमा घट्दै गएको अवस्थालाई रोक्न र तिनको प्राकृतिक बासस्थानको संरक्षण गर्ने उद्देश्यले दिवस मनाउन लागिएको हो। बाघ स्वस्थ पारिस्थितिकीय प्रणालीको सूचक र प्राकृतिक खाद्य शृङ्खलाको उच्च तहमा रहेको महत्वपूर्ण प्रजाति हो।

# सरकार र नेपाल चिकित्सक संघबीच सहमति

रासस
गण्डकी, १३ साउन

सरकार र नेपाल चिकित्सक सङ्घबीच बुधबार सहमति भएको छ। यो सहमतिसँगै चिकित्सकहरूले जारी राखेका विरोधका कार्यक्रमहरू फिर्ता लिएका छन्।

चिकित्सक एवं स्वास्थ्यकर्मीमाथि कुटपिट र दुर्व्यवहार भएको भन्दै नेपाल चिकित्सक सङ्घले दोषीमाथि कारबाहीका लागि दबाब दिन मङ्गलबार र बुधबार देशका स्वास्थ्यसंस्थाहरूमा ओपिडीलगायतका सेवा बन्द गरेर विरोध गरेको थियो। सोही विवाद समाधानका लागि नेपाल सरकार र चिकित्सक सङ्घबीच आज पाँचबुँदे सहमति भएको हो।

बुधबार अपराह्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा नेपाल चिकित्सक सङ्घका पदाधिकारीहरूबीच छलफलपछि सहमतिपत्रमा हस्ताक्षर भएको थियो। सो सहमतिपत्रमा सरकारले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको छ। सो ऐनमा भएको व्यवस्थाअनुसार स्वास्थ्यकर्मीको सुरक्षाका विषय कार्यान्वयन गर्न सरकारले आवश्यक निर्देशिका बनाउने, स्वास्थ्य संस्थामा हुने गरेका तोडफोड तथा स्वास्थ्यकर्मीमाथि हुने आक्रमणका घटनामा कानुनी कारबाही गर्न सम्बन्धित मन्त्रालयबीच आवश्यक समन्वय गरिने पनि सहमति भएको छ। त्यसैगरी स्वास्थ्य संस्थाको सुरक्षा सुनिश्चित गर्नका लागि पनि कार्ययोजना तयार गरिने र सो कार्ययोजना कार्यान्वयनका लागि नेपाल चिकित्सक सङ्घसँगको सहकार्यमा कार्यदल गठन र कार्यान्वयनको प्रगति नियमित समीक्षा गर्ने पनि सहमतिपत्रमा उल्लेख छ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
लमजुङ

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला साविक भुलभुले गा.वि.स. वडा नं. ०६ हाल मर्स्याङ्दी गाउँपालिका वडा नं. ०७ निवासी भारतीय भु.पु. सैनिक नं. ५७४५९१४ X का हवल्दार टेक वहादुर गुरुङको श्रीमती सर्क्यानी गुरुङले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. ८९) मा नामथर सर्क्यानी गुरुङ उल्लेख भएको र भारतीय पेन्सन अभिलेखमा नामथर सरकिनी गुरुङ सेनी उल्लेख भई नामथर फरक परेता पनि उल्लेखित फरक-फरक नामथर गरेको व्यक्ति फरक-फरक नभइ एउटै व्यक्ति भएको बेहोरा मर्स्याङ्दी गाउँपालिका ०७ नं. वडा कार्यालयको च.नं. ८२१ मिति २०८३/०३/३० को सिफारिस बमोजिम सोहि बेहोरा भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ।

**प्रमुख जिल्ला अधिकारी**

## कम्पनी खारेज सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८३/०४/१४ गते

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७८-११-०५ मा दर्ता भएको प्रा.लि.नं. २८४३७२ को मदर सिता इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्राइभेट लिमिटेड याङवरक गाउँपालिका-४, पाँचथर, (प्यान नम्बर : ६१०२२०१८०), नामक कम्पनी यस कार्यालयको मिति २०८३-०१-०२ को निर्णय अनुसार कम्पनी - ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

## कम्पनी खारेज सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८३/०४/१४ गते

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६-०२-०९ मा दर्ता भएको प्रा.लि. द. नं. २१५८२२ को नेपाल स्कूल अफ योगा प्रा.लि. कम्पनीको मिति २०८३/०४/०४ मा सम्पन्न भएको विशेष सभाले कम्पनी ऐन, २०६३ को दफा २ (ग) बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रस्ताव पारित गर्ने निर्णय गरेकोले यस कम्पनीसंग कोहि कसैको कुनै किसिमको लेनदेन बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हक दाबी गर्ने सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा हक दाबी लाग्ने छैन। कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ।

**दामासायी व्यवसायी, लिक्विडेटरको कार्यालयः**
**रमेश हरि अधिकारी**
**इजाजत नं. ५४७ सम्पर्कः ९८५१०८९१८३**

## एउटै व्यक्ति भएको सूचना



बागलुङ जिल्ला जैमिनी नगरपालिका वडा नं.१० साविक राङ्खानी गा.वि.स.वडा नं.२ निवासी भारतीय भू.पू.आर्मी नं.जे. सी.२२२८४७N नायव सुवेदार रत्न बहादुर थापा ४/८ जि.आर को जन्म मिति ई.सं. ३१।१२।१९५३ र नेपाली नागरिकताको प्रमाणपत्रमा श्री रत्न बहादुर थापा जन्म मिति २०१०।०९।१६ भएको साथै निजको श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर शशिधरा थापा र भारतीय डकुमेन्टमा शशिधरा मगर्नी भई फरक परेको भएता पनि फरक नभई व्यक्ति एउटै भएको जैमिनी नगरपालिका १० नं. वडा कार्यालय, बागलुङको च.नं. ६२३ मिति २०७७।११।०५ गतेको पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ३२ निवासी भारतीय भू.पू.सै.नं. ५३४४८४९ H HAV लाल बहादुर गुरुङको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर देउता कुमारी गुरुङ भएको र पेन्सन पट्टामा नामथर देवता कुमारी उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका ३२ नं. वडा कार्यालयको च.नं. ७९ मिति २०८३।०४।१३ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
लमजुङ

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला हाल मर्स्याङ्दी गाउँपालिका वडा नं. ०३ निवासी भारतीय भु.पु. सैनिक नं. ५४४९३९९ पि. ६/५ जि.आर. का हवल्दार लाल जीत गुरुङको श्रीमती वीर कुमारी गुरुङले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. ३१३७) मा नामथर कांश्यो भन्ने विर कुमारी गुरुङ, जन्म मिति वि.स. २०२१/०३/२५ (ई.स. १९६४-०७-०८) उल्लेख भएको र भारतीय पेन्सन अभिलेखमा नामथर वीर कुमारी गुरुङ, जन्म मिति ई.स. १९६६-०६-०७ उल्लेख भई नामथर र जन्म मिति फरक परेता पनि उल्लेखित फरक-फरक नामथर तथा जन्म मिति गरेको व्यक्ति फरक-फरक नभइ एउटै व्यक्ति भएको बेहोरा मर्स्याङ्दी गाउँपालिका ०३ नं. वडा कार्यालयको च.नं. ६८ मिति २०८३/०४/११ को सिफारिस बमोजिम सोहि बेहोरा भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ।

**प्रमुख जिल्ला अधिकारी**

## गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ०२ मा कार्यान्वयन गरिने मोजो रेसिङ (मोटरसाइकल एसेम्वली वर्कसप) को प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशित मितिः २०८३/०४/१४)**

| | |
|---|---|
| **प्रस्तावको नाम तथा ठेगाना** | नामः मोजो रेसिङ प्रा. लि.<br>ठेगानाः पोखरा महानगरपालिका, वडा नं. ०२,<br>कास्की, गण्डकी प्रदेश, नेपाल<br>Email: therksprick@gmail.com फोन नं.: ९८५११२३१५८ |
| **प्रस्तावको व्यहोरा** | श्री मोजो रेसिङ प्रा.लि. द्वारा कास्की जिल्ला पोखरा महानगरपालिकाको वडा नं २ मा मोटरसाइकल एसेम्वली वर्कसप सञ्चालन गर्ने उद्योग सञ्चालन गर्नको लागि कार्यसूची स्वीकृत भएको र मस्यौदा प्रतिवेदन तयार गरि आवश्यक कार्य अगाडी बढाएको।<br>(घ) लगानी रुः १,००,००,०००।-<br>(ङ) लगानी किसिमः नीजि |
| प्रभाव पर्न सक्ने जिल्ला/गा.पा./न.पा. | कास्की जिल्ला पोखरा महानगरपालिका, वडा नं.०२ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष, सामाजिक पक्ष, साँस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न सैनामैना न.पा. वडा नं. ०२, तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुभाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र सूचना टाँस भएको निकाय वा वन तथा वातावरण मन्त्रालयमा वा निम्न ठेगानामा आइ पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगानाः | परामर्शदाताको नाम र ठेगानाः |
|---|---|
| मोजो रेसिङ (मोटरसाइकल एसेम्वली वर्कसप) प्रा. लि., पोखरा महानगरपालिका-५,<br>फोन नं.: ९८५११२३१५८<br>Email: therksprick@gmail.com | हेड जियो इन्जिनियरिङ सोलुसन्स प्रा. लि., ललितपुर, नेपाल,<br>फोन ९८४१८८५७२०<br>इमेलः headconsultancynep@gmail.com |